







# CTEVT
## NEWS BULLETIN

२०७९ वर्षः २० अङ्कः ३





### यस अङ्कका आकर्षण


- सम्पादकीय
- समाचार तथा गतिविधि
- परियोजना गतिविधि
- प्रदेश गतिविधि
- शिक्षालय परिचय
- सफलताको कथा



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np





**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री एकराज अधिकारी

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाइन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt.org.np

वेवसाइट : www.ctevt.org.np

प्रकाशन मितिः २०७९ पौष


# सम्पादकीय

नेपालमा आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति तयार गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी नीति निर्माण, कार्यक्रम सञ्चालन, सम्बन्धन तथा व्यवस्थापन, सीपको वर्गीकरण, परीक्षण र प्रमाणीकरण, पाठ्यक्रम निर्माण, गुणस्तर सुनिश्चितता, सरोकारवालाहरूसँग समन्वय, अध्ययन अनुसन्धान आदि परिषद्का प्रमुख कार्यहरू हुन् ।

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिएको छ । त्यसै गरी पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) ले उल्लेख गरे अनुसार वार्षिक झण्डै ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन्, तर करिब १ लाख ५० हजारले मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त गर्दछन् । साथै उक्त योजनाले प्राविधिक शिक्षालाई शिक्षाको मूलधारको रूपमा विकास गर्न नसकिनु शिक्षा क्षेत्रको एउटा मुख्य समस्याको रूपमा चित्रण गरेको छ । यसरी संविधान तथा आवधिक योजनाले निर्दिष्ट गरे बमोजिमको लक्ष्य प्राप्त गर्नका लागि राज्यले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकास र विस्तारमा लगानी बढाउनु पर्ने देखिन्छ ।

अहिले हामी पन्ध्रौं योजनाको अन्त्यतिर आइपुगेका छौं । योजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने उद्देश्य अनुरुप परिषद्ले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । उक्त योजनामा उल्लेख भए अनुसार प्रत्येक स्थानीय तहमा दक्ष शिक्षक तथा आवश्यक पूर्वाधार सहितको कम्तीमा एउटा प्राविधिक शिक्षालय तथा व्यावसायिक सीप विकास तालिम केन्द्र क्रमशः स्थापना गरिनेछ भन्ने कार्यनीतिले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर सुनिश्चितताको प्रत्याभूत गरेको छ । योजनाकै अर्को कार्यनीतिमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि गुरूयोजना स्वीकृत गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा र एकीकृत कोष निर्माण गरिने कार्यनीति रहेको छ । त्यसै गरी राष्ट्रिय शिक्षा नीति, २०७६ ले संघीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने नीति लिएको छ । यसरी संविधान, आवधिक योजना, नीति तथा कार्यक्रममा विशेष प्राथमिकतामा परेको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी ऐनको अभावमा संघीयताको मर्म र भावना अनुरुप परिषद्लाई पुनर्संरचना गरी प्रभावकारी कार्य सम्पादन गर्न आवश्यक देखिन्छ ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यका लागि त्रैमासिक सिटिइभिटी समाचार बुलेटिनको नयाँ अङ्क प्रकाशन गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी समाचार तथा गतिविधि, शिक्षालयको परिचय, सफलताको कथा लगायतका विषयबस्तु समेटेर तयार गरिने यस बुलेटिनलाई अझ बढी पठनीय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव र पृष्ठपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी सन्देशमूलक सामग्री तथा गतिविधिहरू नियमितरूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# परिषद्‌को ४० औं व्यवस्थापन समीक्षा गोष्ठी सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को ४० औं व्यवस्थापन समीक्षा गोष्ठी परिषद्‌का उपाध्यक्ष श्री खगेन्द्रप्रसाद अधिकारीको अध्यक्षतामा ७ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै सम्पन्न भएको छ । गोष्ठी गत पौष २३ देखि २५ गतेसम्म चितवनको सौराहामा संचालन भएको थियो । गोष्ठीमा परिषद्‌का ६५ वटा आङ्गिक शिक्षालयका प्रमुखहरू, ७ वटा प्रदेश कार्यालयका निर्देशकहरू, परिषद् अन्तर्गत अर्ध स्वायत्त रुपमा संचालित कार्यालय/प्रतिष्ठान/समितिका प्रमुखहरू, परिषद् अन्तर्गत विभिन्न महाशाखाका निर्देशक, उप-निर्देशक, कर्मचारी तथा ट्रेड यूनियनका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीको उद्‌घाटन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामकृष्ण सुवेदीले गर्नु भएको थियो। तीन दिने गोष्ठीमा परिषद् र अन्तर्गतका शिक्षालय/कार्यालयहरूले हालसम्म सम्पादन गरेका कार्यहरू तथा उपलब्धीहरू, भोगिरहेका समस्या तथा चुनौतीहरू र समस्या समाधानका उपायहरूको बारेमा छलफल भएको थियो । शिक्षालयको वस्तु स्थितिको समीक्षा सम्बन्धित प्रदेश कार्यालयबाट, परिषद् केन्द्रीय कार्यालयमा रहेका महाशाखाहरूको नीति निर्माण तथा योजना महाशाखाबाट एकीकृत प्रस्तुतीकरण गरिएको थियो । परिषद् अन्तर्गत अर्धस्वायत्त रुपमा संचालित परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति तथा नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) र ENSSURE परियोजनाबाट समेत छुट्टा छुट्टै प्रस्तुतीकरण भएको थियो । सबैको प्रस्तुतीकरणबाट आएका विषयहरूका आधारमा मूख्य समस्याहरू पहिचान गरी प्रत्येक समस्यालाई समाधान गर्ने उपायहरूका सन्दर्भमा ७ वटा समूह बनाई छलफल तथा प्रस्तुतीकरण गरिएको थियो ।




**समीक्षा गोष्ठीमा जारी प्रतिबद्धतापत्र**

१. परिषद् अन्तर्गत शिक्षालयहरू स्थापना, सम्बन्धन तथा कार्यक्रम थप गर्दा सीप नक्साङ्कन (Skill Mapping) बमोजिम गर्ने ।
२. गुणस्तर सुनिश्चितता मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
३. पाठ्यक्रममा सुधार तथा परीक्षा प्रणालीको सबलीकरण गर्ने ।
४. प्रशिक्षार्थी भर्नादर बृद्धि गर्न रणनीतिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
५. पदपूर्ति प्रक्रियालाई निरन्तरता दिने ।
६. सेवा करारका सेवा सुबिधा सम्बन्धमा सरोकारवाला निकायहरूमा कार्यान्वयनका लागि पहल गर्ने ।
७. परिषद्‌को आय आर्जन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने ।



# राष्ट्रपतिबाट श्रीराम मिथिला बहुप्राविधिक शिक्षालयको समुद्घाटन

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो जन्म जिल्ला भोजपुरको रामप्रसाद राई गाउँपालिका-५ मानेभञ्याङ, आमबोटेमा परिषद्को आङ्गिक शिक्षालय श्रीराम मिथिला बहुप्राविधिक शिक्षालयको गत मंसिर २८ गते समुद्घाटन गर्नुभयो । सो कार्यक्रममा राष्ट्रपति भण्डारीले "प्राविधिक शिक्षा अहिलेको आवश्यकता हो । प्राविधिक शिक्षालयमा जिल्लाभित्रका अतिरिक्त अन्य जिल्लाका विद्यार्थीहरुले पनि शिक्षाको अवसर लिन पाउनेछन्" भन्नु भयो । उहाँले शिक्षालयको स्थापनाले त्यस क्षेत्रका विद्यार्थीहरुलाई बाली विज्ञानसँगै अन्य प्राविधिक शिक्षा लिन सहज हुने बताउनु भयो । राष्ट्रपति भण्डारीले जन्म घर नजिकै ५५ रोपनी क्षेत्रफलमा निर्माण भएको प्राविधिक शिक्षालयलाई ३७ रोपनी निजी र उहाँका परिवारले १८ रोपनी जग्गा निःशुल्क उपलब्ध गराउनु भएको हो । सो शिक्षालय करीब ११ करोड ३९ लाख ७३ हजार ८ सय रूपयाँ लागतमा निर्माण गरिएको हो । शिक्षालयमा हाल डिप्लोमा तहमा तीन वर्षे बाली विज्ञान कार्यक्रम सञ्चालनमा रहेको छ । भोजपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं शिक्षालय संचालक समितिका अध्यक्ष श्री हरि प्रसाद घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा परिषद् का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले मन्तव्य राख्नुभएको थियो भने परिषद् प्रदेश नं. १ का निर्देशक नवराज कोइरालाले उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नु भएको थियो । त्यसैगरी शिक्षालयका प्रमुख तेज प्रताप दुवेले शिक्षालयको गतिविधि एवम् प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको समापनमा प्रमुख जिल्ला अधिकारी घिमिरेले भोजपुर जिल्लाकै समग्र विकासमा प्राविधिक शिक्षालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै प्रमुख अतिथि, अतिथि एवम् उपस्थित सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



# प्राविधिक शिक्षा सुधारका लागि १० वर्षे रणनीतिक योजना

नेपालमा प्राविधिक शिक्षाको गुणस्तरमा सुधार ल्याउनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समन्वयमा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको १० वर्षे रणनीतिक योजना २०२३-२०३३ तयार गरेको छ । यो योजनालाई शिक्षा मन्त्रालयले अन्य मन्त्रालय तथा सरोकारवाला निकायसँगको सहकार्यमा तयार गरी मन्त्री परिषद्बाट स्वीकृत भएपश्चात नेपालभर लागू गर्ने बताएको छ । यो योजना लागू भइसकेपछि नेपालको प्राविधिक शिक्षामा ठूलो परिवर्तन आउने आशा गरिएको छ ।

शिक्षा मन्त्रालयको नेतृत्वमा यूरोपियन यूनियनको अनुदानमा संचालित परियोजना ब्रिटिस काउन्सिल र दक्षता परियोजनाको आर्थिक सहयोगमा सार्वजनिक नीति संवाद केन्द्र (CPPD) ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको वितरण क्षेत्रको अवस्था विश्लेषण (TVET Sector Analysis of Supply Side) गरेको थियो । यसका साथै माग पक्षको पनि छुट्टै क्षेत्रगत विश्लेषण गरिएको थियो । यी दुबै पक्षको विश्लेषणबाट आएका तथ्याङ्कहरूका आधारमा रणनीतिक योजनाको प्रारम्भिक खाका पेश गरिएको थियो । सो कार्य तीन चरणमा सफलतापूर्वक सम्पन्न भएको छ । उक्त रणनीतिक योजना तयार गर्न ३४ परामर्शदाता र ४४ सहयोगी कर्मचारी खटिएका थिए । सार्वजनिक नीति संवाद केन्द्रलाई तोकिएको जिम्मेवारी अनुसारको कार्य सम्पादन गर्न ४६४ दिन लागेको थियो, जसमा पहिलो चरण सम्पन्न हुनको लागि २४२ दिन, दोस्रो चरणको लागि ६० दिन र तेस्रो चरण सम्पन्न हुनको लागि जम्मा १६२ दिन लागेको थियो ।

पहिलो चरण, बेसलाइन सर्भेमा नेपालका ७७ जिल्ला मध्ये ४२ जिल्लाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम अन्तर्गत रहेका जम्मा ११२० स्कूलहरु, जसमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका ६३५ वटा प्राविधिक शिक्षालय, र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ९-१२ प्राविधिक धारका ४८५ विद्यालयहरुबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । पहिलो चरणमा तथ्याङ्क

सङ्कलन गर्नको लागि विभिन्न विषय विज्ञहरु सहित सातवटै प्रदेश र संघमा बिभिन्न कार्यशाला गोष्ठी मार्फत सर्भे प्रश्नवाली तयार पारिएको थियो र उक्त प्रश्नावलीहरू छनौट भएका ११२० वटा विद्यालय तथा प्राविधिक शिक्षालयहरूमा पठाइएको थियो । यसरी सङ्कलन गरिएको तथ्याङ्कलाई आधार मानेर विज्ञ समूहले परियोजनाको दोस्रो चरणमा १० वर्षे रणनीतिक योजनाको मस्यौदा तयार गरेको थियो भने तेस्रो चरणमा मस्यौदा योजनाको प्रस्तुतीबाट प्राप्त राय, सुझाव र प्रतिक्रिया संकलन गरी परिमार्जित रणनीतिक योजना तयार गरेको थियो ।

रणनीतिक योजना निर्माणमा संघीय तहका विभिन्न १८ मन्त्रालयहरुबाट उच्च पदस्थ अधिकारीहरु, प्रादेशिक सामाजिक विकास तथा अन्य मन्त्रालयका पदाधिकारीहरु, प्रदेशका माननीय सांसदहरू, प्रदेश सचिवहरु, विभिन्न शिक्षा निकायका प्रतिनिधिहरु, महानगरपालिका, नगरपालिका, गाउँपलिकाका प्रमुख तथा प्रतिनिधिहरु, नेपाल उद्योग वाणिज्य महासंघ, पत्रकार महासंघ, उद्योग वाणिज्य संघ/संगठनका पदाधिकारी तथा प्रतिनिधिहरु र विकास साझेदार संस्थाका प्रतिनिधिहरु एवम् अन्य सरोकारवालाहरू सहित १,४०० जनाको सहभागिता रहेको थियो। सो कार्यक्रममा उपस्थित विज्ञ तथा संघ संस्थाका प्रतिनिधिहरुबाट प्रस्तावित योजनामा राय, सुझाव र प्रतिक्रिया सङ्कलन गरिएको थियो । विभिन्न कार्यशाला तथा गोष्ठीहरूबाट प्राप्त भएका राय सुझावहरूलाई समावेश गरी प्रादेशिक र संघीय तहमा गोष्ठी गरी रणनीतिक योजनाको परिमार्जित मस्यौदा प्रस्तुत गरिएको थियो। सो अवसरमा उपस्थित महानुभावहरूबाट नेपालको प्राविधिक तथा व्यवसायिक क्षेत्रको विकासको लागि प्रस्तावित रणनीतिक योजनाले ठूलो योगदान पुऱ्याउने विश्वास गरिएको थियो ।



# महाशाखाबाट सम्पादन भएका कार्यहरु

## प्राविधिक महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् केन्द्रीय कार्यालय, प्रदेश कार्यालय तथा मातहतका सबै आङ्गिक शिक्षालयहरूमा वर्षभरि भए गरेका गतिविधिहरुका आधारमा भौतिक तथा वित्तीय प्रगतिको एउटै नियमित समीक्षा गरिदै आएकोमा चालु आर्थिक वर्षमा प्रदेशगत समीक्षा गर्ने व्यवस्था भए बमोजिम परिषद्का प्रदेश कार्यालयहरुसँगको समन्वयमा तीन स्थानमा प्रदेश स्तरीय समीक्षा गोष्ठी सम्पन्न भएका छन् । परिषद् प्राविधिक महाशाखाको नेतृत्वमा प्रदेश १ र मधेश प्रदेश अन्तर्गतका कार्यालय र शिक्षालयहरूको गत असोज ०६ र ०७ गते जनकपुरमा, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम गरी तीन वटा प्रदेशको संयुक्त प्रदेश स्तरीय समीक्षा गोष्ठी मंसिर २४ र २५ गते नेपालगंजमा र पुष ०१ र ०२ गते बागमती र गण्डकी प्रदेशको संयुक्त समीक्षा गोष्ठी गैंडाकोटमा संचालन गरिएको थियो । उक्त तीनवटै स्थानमा भएका गोष्ठीहरु मध्ये जनकपुरमा संचालित गोष्ठीमा परिषद्का उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारी, प्राविधिक महाशाखाका निर्देशक दिपक प्रसाद पौडेल र प्रशासन महाशाखाका निर्देशक कृष्ण बहादुर के.सी. को उपस्थिति रहेको थियो । त्यसै गरी नेपालगंजमा संचालित गोष्ठीमा प्राविधिक महाशाखाका निर्देशक दिपक प्रसाद पौडेल र गैंडाकोटमा संचालित गोष्ठीमा प्राविधिक महाशाखा निर्देशक दिपक प्रसाद पौडेल, प्रशासन महाशाखाका निर्देशक कृष्णबहादुर के.सी. र परीक्षा नियन्त्रक यम प्रसाद भुर्तेलको उपस्थिति रहेको थियो ।

जनकपुरमा संचालित गोष्ठीमा प्रदेश १ का ७ वटा र मधेश प्रदेशका ८ वटा शिक्षालयका प्रमुखहरूका साथै परिषद् प्रदेश १



का निर्देशक नवराज कोइराला र मधेश प्रदेशका का. मु. निर्देशक नागेन्द्र साहको उपस्थिति रहेको थियो । त्यसै गरी नेपालगंजमा संचालित गोष्ठीमा लुम्बिनी प्रदेशका १० वटा, कर्णाली प्रदेशका ४ वटा र सुदूरपश्चिम प्रदेशका ६ वटा शिक्षालयका प्रमुखहरुका साथै प्रदेश निर्देशकहरू क्रमशः ई. गोपाल आचार्य, का. मु. निर्देशक द्वय यादव सुवेदी र ई. गुणानन्द झाको उपस्थिति रहेको थियो । त्यस्तै गैंडाकोटमा संचालित गोष्ठीमा बागमती प्रदेशका १८ वटा र गण्डकी प्रदेशका १२ वटा शिक्षालयका प्रमुखहरू र प्रदेशका निर्देशकहरू क्रमशः ई.अरविन्द कुमार चौधरी र प्रमोदभक्त आचार्यको उपस्थिति रहेको थियो ।

उक्त तीन वटै गोष्ठीमा शिक्षालयहरुले गत आर्थिक वर्षमा सम्पादन गरेका क्रियाकलापहरु, सम्पादन हुन नसकेका क्रियाकलापहरु, सम्पादन हुन नसक्नुका कारणहरू, कार्यक्रम संचालनमा आइ परेका समस्याहरु, समस्या समाधानको लागि शिक्षालय तथा प्रदेश कार्यालयहरुबाट भएका प्रयासहरु, चालु आर्थिक वर्षमा भएको प्रगति तथा आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिहरुका बारेमा प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतीकरणको क्रममा अधिकांश शिक्षालय प्रमुखहरुबाट न्यून विद्यार्थी भर्ना दर, पाठ्यक्रममा समय सापेक्ष परिमार्जन, प्रयोगात्मक परीक्षा प्रणालीमा सुधार, नतिजा प्रकाशनलाई चुस्त दुरुस्त बनाउनु पर्ने, प्रशिक्षणको गुणस्तरमा सुधार, समयमा प्रशिक्षक व्यवस्थापन आदि जस्ता विषयमा जोड दिएका थिए । गोष्ठीमा उठेका उपरोक्त विषयहरुमा व्यापक छलफल गरी सुधारको लागि शिक्षालयहरू र प्रदेश कार्यालयहरूबाट सम्पादन गर्न सकिने बिषयहरू समावेश गरी प्रतिवद्धता पत्र समेत जारी गरिएको थियो ।

केन्द्रीय कार्यालयका प्रतिनिधिहरूबाट गोष्ठीमा उठेका विषयहरूमा प्रष्ट पारिनुका साथै थप महत्वपूर्ण विषयहरू आगामी केन्द्रीय समीक्षात्मक गोष्ठीमा छलफल गरी सम्भव भएसम्मका बुँदाहरुलाई समेटेर समाधानका उपाय खोजिनु पर्नेमा जोड दिइएको थियो ।

# राष्ट्रिय सीप परीक्षण समितिले सुरु गऱ्यो अनलाइन सीप परीक्षण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको राष्ट्रिय सीप परीक्षण समितिले कम्प्युटर अपरेटरको सीप परीक्षणको सैद्धान्तिक लिखित परीक्षा अनलाइन माध्यमबाट गरेको छ । अनलाइन प्रणाली स्वीस सरकार विकास सहयोग (एसडिसी) को सहयोगमा संचालित नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (एनभिक्यूएस) को सहयोगमा राष्ट्रिय सीप परीक्षण समितिले विकास गरेको हो । अनलाइन प्रणालीले उम्मेदवारहरूको प्रश्न र सिट योजना स्वतः निर्धारण गर्छ । यसले नतिजा पनि निकाल्छ र सर्भरमा स्वचालित रूपमा नतिजा पठाउँछ । यसको साथै यो अनलाइन प्रणाली कम ब्यान्डविथमा पनि सञ्चालन गर्न सकिने हुनाले नेपालको दूर्गम क्षेत्रहरुमा पनि प्रयोग गर्न सकिनेछ । अनलाइन विधिबाट सीप परीक्षण सञ्चालन गर्दा परीक्षा सम्बन्धी व्यवस्थापकीय कार्यहरू कम हुने, समयको बचत हुने, प्रश्नपत्रको छपाई सम्बन्धी झन्झट नहुने (पेपरलेस) र परीक्षणको निष्पक्षता सुनिश्चित हुने भएकोले परीक्षण प्रक्रियालाई प्रभावकारी बनाउँछ ।

अनलाइन प्रणालीको नमूना परीक्षण (पाइलटिङ) लुम्बिनी प्रदेशको भेरी प्राविधिक शिक्षालय, नेपालगन्जमा कम्प्युटर अपरेटर तह २ का ३६ जना उम्मेदवारको सीप परीक्षणबाट सुरु गरिएको थियो । नेपालगन्जमा भएको पाइलटिङको सफलता पछि बागमती प्रदेशको हेटौडामा पनि सोही पेशा र तहमा अनलाइन प्रणालीबाट सैद्धान्तिक लिखित परीक्षा गरिएको थियो । यससँगै राष्ट्रिय सीप परीक्षण समितिले अन्य पेशाहरूमा पनि अनलाइन प्रणालीबाट सीप परीक्षण गर्ने कार्यलाई विस्तार गर्ने योजना बनाएको छ ।



## प्रशासन महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पदपूर्ति समितिको मिति २०७९।०२।१८ गतेको निर्णयानुसार आन्तरिक प्रतियोगिता, खुला तथा समावेशीतर्फका पदहरुमा लोक सेवा आयोगबाट मिति २०७९।०५।१६ देखि मिति २०७९।०६।१४ गतेसम्म संचालित लिखित परीक्षा तर्फका विभिन्न पदहरूको नतिजा प्रकाशनको चरणमा रहेको छ । परिषद्का आङ्गिक शिक्षालयहरुमा चालु आर्थिक वर्ष २०७९/०८० को लागि सेवा करारमा प्राविधिक प्रशिक्षक तथा कर्मचारीहरु पदपूर्ति गर्न मिति २०७९।०३।०८ गते गोरखापत्रमा सूचना प्रकाशित भए बमोजिम दरखास्त दिइएका ३००० उम्मेदवारहरुको सातै प्रदेशबाट मिति २०७९।०८।०९ र १० गते लिखित परीक्षा तथा अन्तर्वार्ता सम्पन्न गरी सफल भएका उम्मेदवारलाई सम्बन्धित शिक्षालयहरुमा सिफारिस गरी नियुक्ति गरिएको छ। पदपूर्ति गरिए पश्चात् रिक्त रहेका पदहरुमा शिक्षालयबाट माग भए अनुसार सम्बन्धित प्रदेश कार्यालयलाई सिफारिस गर्न अख्तियारी दिइएको छ। चालु आ. व. सम्म रिक्त रहेका पदहरूको खुला तथा बढुवा पदपूर्तिको लागि विज्ञापन गर्नको लागि लोक सेवा आयोगसँग समन्वय भइरहेको छ । परिषद्को कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (सातौ संशोधन) को लागि परिषद्बाट स्वीकृति भई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सैद्धान्तिक सहमतिको लागि लोक सेवा आयोगमा पठाइएको छ। सो सम्बन्धमा लोक सेवा आयोगमा चरणबद्ध छलफल भई स्वीकृतिको प्रक्रियामा रहेको प्रशासन महाशाखाले जनाएको छ ।

## SEECS परियोजना सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आङ्गिक शिक्षालयहरुमा गुणस्तरीय तालिम संचालनका लागि शिक्षालय सुदृढीकरण तथा जीवनस्तर विकास, रोजगार तथा स्वरोजगारका क्षेत्रमा रोजगारदाताहरुलाई सहभागी गराई गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ प्राविधिक शिक्षालयहरुमा रोजगारदाताको सहभागिता सुदृढीकरण परियोजना (Strengthening Employer Engagement in CTEVT Schools, SEECS) को समापन गोष्ठी २०७९ मंसिर २ गते सम्पन्न भयो ।

गोष्ठीमा युरोपियन युनियनका नेपालका पदाधिकारी, परिषद्का उपाध्यक्ष र सदस्य सचिव, कर्मचारीहरु, ब्रिटिस काउन्सिलका कन्ट्री डाइरेक्टर लगायतका प्रतिनिधिहरु, शिक्षालयका प्रमुख एवम् प्रतिनिधिहरु, उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिहरु तथा तालिमका प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो ।

युरोपियन युनियन नेपालका लागि हेड अफ कोअपरेसन, डा. मार्को जेमरले विविध अप्ठ्याराहरु भए पनि नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणाली सबल बनाउन स्थानीय स्तरको आवश्यकताको आधारमा परियोजनाका कार्यक्रमहरु संचालन गरिएको बताउनु भयो । परिषद्का उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारीले प्राविधिक शिक्षालयहरुमा रोजगारदाताको सहभागिता सुदृढीकरण परियोजनाका मुख्य कार्यहरुबारे जानकारी गराउदै शिक्षालयहरुमा नविनतम औजार तथा उपकरणहरुद्वारा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुका लागि प्रशिक्षण गर्न सहज भएको जानकारी गराउनु भएको थियो ।

ब्रिटिस काउन्सिलका कन्ट्री डाइरेक्टर मिस साहिदा म्याकडुगलले उद्योगी तथा निजी क्षेत्र र शिक्षालय बीचको सम्बन्धमा सुधारका साथै विभिन्न तालिम तथा सामग्री उपलब्ध गराए पश्चात् जीविकोपार्जनमा सहज हुने धारणा राख्नु भएको थियो । परिषद्का निमित्त सदस्य सचिव भुवनेश्वर ढुङ्गानाले परियोजनाका सबल पक्षहरुलाई अन्य शिक्षालयहरुमा विस्तार गर्ने तथा परियोजना मार्फत आएका सुझावहरुलाई छलफल गरी कार्यान्वयन गरिने कुरा बताउनु भएको थियो ।

गोष्ठीमा शिक्षालय प्रमुख, उद्योगी तथा प्रशिक्षार्थीहरुको समूह बनाएर परियोजनाका विविध पक्षका बारेमा छलफल गरिएको थियो र उक्त समापन गोष्ठीमा परियोजनाका सम्पूर्ण क्रियाकलापहरुको बारेमा परियोजनाका फोकल पर्सन दामोदर देवकोटाद्वारा जानकारी गराउनुका साथै शिक्षालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता (GESI) को कार्यान्वयन तथा यसका चूनौतीका बारेमा प्रस्तुतीकरण गरिएको थियो ।





# परियोजनाबाट सम्पादन भएका कार्यहरु

## क्वालिटी परियोजना

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच अगष्ट ३,२०२२ मा Quality Technical and Vocational Education and Training for Youth (QualiTY) / (क्वालिटी) परियोजना सञ्चालन गर्न दुई पक्षीय सम्झौता भई परियोजना कार्यान्वयनमा आएको छ । यस परियोजनाको पहिलो चरण अगष्ट २०२२ देखि १५ जुलाई २०२६ सम्म संचालन हुनेछ । क्वालिटी परियोजनाको मुख्य लक्ष्य नेपाली युवाहरु विशेष गरी सुबिधा बिहीन समूहका युवाहरु गुणस्तरीय प्राविधिक शिक्षा र त्यसबाट सिर्जना हुने रोजगारीबाट लाभान्वित हुनेछन् भन्ने रहेको छ। परियोजनाको पहिलो चरणमा सातवटै प्रदेशका स्थानीय निकायहरुमा परियोजनाको कार्यक्रम लागू हुनेछ। परियोजनाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुको लागि स्तर निर्धारण मापदण्डहरु तयार गरी उक्त मापदण्ड अनुसार जम्मा २५० वटा शिक्षण संस्थाहरु स्तरीकरण गरिने छन् र स्तर निर्धारण गरिएका शिक्षण संस्थाहरुवाट ४८,००० युवाहरु सफलतापूर्वक दीक्षित हुनेछन् । परियोजनाले प्राविधिक प्रशिक्षकहरुको अनुमति-पत्रका लागि मापदण्ड तयार गरी लागू गर्नेछ र पहिलो चरणमा जम्मा १००० जना प्रशिक्षकहरुले प्रशिक्षण अनुमति-पत्र प्राप्त गर्नेछन् ।

परियोजना कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको अगुवाईमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सहभागितामा आर्थिक वर्ष २०७९/८० को कार्यक्रम तथा बजेट योजना तर्जुमा कार्यशाला गत पुष १३ र १४ गते काठमाण्डौमा सम्पन्न भयो । त्यस्तै पुष २२ र २३ गते शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा सामाजिक विकास मन्त्रालय प्रदेश-१, बागमती र लुम्बिनी प्रदेश समेतको सहभागितामा संघ तथा प्रदेशको लागि संयुक्त अभिमुखीकरण तथा बजेट योजना तर्जुमा कार्यशाला गोष्ठी चितवनमा आयोजना गरिएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव राम कृष्ण सुवेदीको प्रमुख आतिथ्यमा, मन्त्रालयका सह-सचिव एवं परियोजना निर्देशक समितिका अध्यक्ष डा. हरि प्रसाद लम्सालको अध्यक्षतामा सञ्चालित उक्त गोष्ठीमा परिषद्का सदस्य-सचिव जीव नारायण काफ्ले विशिष्ठ अतिथि, मन्त्रालयका सह-सचिव डा. कमल पोखरेल र भगवान अर्याल अतिथि, प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश-१ का सचिव वाशुदेव दाहाल र बागमती प्रदेशका सचिव श्री राम प्रसाद सापकोटाको उपस्थिती रहेको थियो । उक्त कार्यक्रममा सिटिइभिटीका निर्देशकहरु, शिक्षा मन्त्रालय र सामाजिक विकास मन्त्रालयका उप-सचिवहरु, एसडिसीको तर्फबाट वरिष्ठ कार्यक्रम अधिकृत डा. उषा भण्डारी, तथा मन्त्रालय र परिषद् अन्तर्गतका कर्मचारीहरु साथै संघ र प्रदेश परियोजना सहयोग इकाईका सदस्यहरुको सहभागिता थियो । कार्यशाला गोष्ठीमा एसडिसीको तर्फबाट परियोजना सम्बन्धी अभिमुखीकरण गरिएको थियो भने परियोजनाका गतिविधि र हालसम्मको प्रगतिका बारेमा परियोजना सहयोग इकाईबाट जानकारीमूलक प्रस्तुती गरिएको थियो । उक्त कार्यशालामा संघीय तथा प्रदेश अन्तर्गत सम्पन्न गरिने क्रियाकलापहरुको समूहगत छलफलका साथै कार्यक्रम तथा बजेट माथि छलफल भएको थियो । कार्यक्रममा शिक्षा सचिव सुवेदीले परियोजनाका कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहसम्म विस्तार भई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर अभिबृद्धिमा सहयोग पुग्ने अपेक्षा गर्नुभयो । साथै उहाँले परियोजनाको सफल कार्यान्वयनका लागि आवश्यक निर्देशन तथा शुभकामना दिनुभयो । परिषद्का सदस्य-सचिव काफ्लेले समग्र शैक्षिक कार्यक्रमहरुको गुणस्तर सूनिश्चितताका लागि यस परियोजनाको सफल कार्यान्वयनले महत्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रमको समापन मन्तव्यका क्रममा परियोजना निर्देशक समितिका अध्यक्ष एवम् शिक्षा मन्त्रालयका सह-सचिव डा. हरि लम्सालले कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयनमा सुधार गर्नु पर्ने कुराहरुमा सुझावहरु दिनु भयो। प्रदेशहरुको तर्फबाट बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर सुधारमा परियोजनाले महत्वपूर्ण भूमिका खेल्ने हुँदा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा परियोजनाको सफल कार्यान्वयनका लागि शुभकामनाका सहित प्रदेशका तर्फबाट पूर्ण सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो ।





## ENSSURE परियोजना

परियोजना संचालन भएका प्रत्येक प्रदेशका कार्यक्रम समन्वय तथा कार्यान्वयन इकाईले आ.व. २०७९/८० को दोश्रो त्रैमासिकसम्मको प्रगति समीक्षा गोष्ठी सम्पन्न गरेका छन् । गोष्ठीमा कार्यक्रम संचालन भएका पालिकाबाट शिक्षा शाखा/महाशाखाका प्रमुख, परियोजना फोकल पर्सन (शिक्षा अधिकृत) तथा लेखा अधिकृतको सहभागिता रहेको थियो । प्रगतिको समीक्षा गोष्ठीमा प्रत्येक पालिकाले हालसम्म हासिल भएको प्रगति विवरण, आइपरेका समस्या/चुनौती तथा आगामी दुई त्रैमासिकमा गर्नुपर्ने तथा गर्न सकिने क्रियाकलापहरुबारे प्रस्तुती तथा छलफल गरिएको थियो। यसरी नै प्रत्येक प्रदेशका कार्यक्रम समन्वय तथा कार्यान्वयन इकाईको आयोजनामा परियोजना संचालन भएको सबै पालिकाका परियोजना फोकल पर्सन (शिक्षा अधिकृत) तथा लेखा अधिकृत/खरिद अधिकृतलाई सार्वजनिक खरिद सम्बन्धी विशेष गरी तालिम प्रदायक संस्थाको सेवा खरिद प्रक्रिया सम्बन्धमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सो अभिमुखीकरण कार्यक्रमले सम्बन्धित पालिकाले गर्नुपर्ने सेवा खरिद प्रक्रियालाई प्रभावकारी बनाउन योगदान पुग्ने अपेक्षा राखिएको छ ।




### अप्रेन्टीसिप कार्यक्रम संचालन

२४ महिने अप्रेन्टीसिप (Dual VET– Apprenticeship) कार्यक्रममा ११५४ जना युवाहरू भर्ना भएका छन् । यो कार्यक्रम संचालन गर्नको लागि सिभिल ईन्जिनियरिङ्गको बिल्डिङ्ग कन्स्ट्रक्सन, मेकानिकल ईन्जिनियरिङ्ग, अटोमोवाइल ईन्जिनियरिङ्ग, ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग, ईन्फर्मेसन टेक्नोलोजी, अर्लि चाइल्डहुड डेभलपमेन्ट फेसिलिटेसन (ECDF) कार्यक्रममा ३९ वटा विद्यालयहरूसँग सम्झौता भएको छ ।

### वृत्ति मार्ग–निर्देशन कार्यक्रम संचालन

वृत्ति मार्ग-निर्देशन (Career Guidance) कार्यक्रमबाट अहिलेसम्म ६,९६७ जना विद्यार्थीहरू लाभान्वित भएका छन् जसमध्ये ३७३६ जना महिला छन् । तीन वटै प्रदेशमा १-१ वटा गरी जम्मा तीन समूहमा वृत्ति मार्ग-निर्देशन तालिम सम्पन्न भएको छ। साथै कटहरी र दुहबीका दुबै नगरपालिकाद्वारा १-१ वटा वृत्ति मार्ग-निर्देशन तथा रोजगार मेला सम्पन्न गरेका छन् ।

### छोटो अवधिको व्यावसायिक तालिम संचालन

१९६९ घण्टाको कार्यगत अभ्यास सहितको व्यावसायिक तालिम (Training with OJT) कार्यक्रममा हालसम्म ३०७ जना प्रशिक्षार्थीहरु भर्ना भएका छन् जस मध्ये ७२ जना महिला छन् भने २३५ जना पिछडिएका वर्गका छन् । परियोजनाको प्रथम चरणमा संचालित Training with OJT कार्यक्रमका ५३९ प्रशिक्षार्थीहरूले तालिम सम्पन्न गरेका छन् भने १,४८८ जना हाल अध्ययनरत छन् । प्राविधिक प्रशिक्षाण प्रतिष्ठान (TITI) ले तालिम प्रदायक संस्थाका १२० जनालाई प्रशिक्षक प्रशिक्षण तालिम (TOT) प्रदान गरेको छ ।

परियोजनाले सीप स्तरोन्नती तालिम (Workers' Further Training) अन्तर्गत चालु आ.व. मा ५००० जनाको लागि २६ वटा प्याकेजहरुमा २४ वटा पेशा/व्यवसायका आशयपत्रहरु मूल्यांकन गरी योग्य भएका ६३ वटा परिषद्‌बाट सम्बन्धन स्वीकृति प्राप्त निजी तालिम प्रदायक संस्थाहरुबाट प्रस्ताव (प्राविधिक र आर्थिक) माग गरेको छ । ENSSURE परियोजना प्रथम चरणमा संचालित सीप स्तरोन्नती तालिम कार्यक्रम अन्तर्गत चालु आ.व. २०७९।८० का २१७९ जना कामदारले तालिम पूरा गरेका छन् । हालसम्म जम्मा ७७६९ जनाले सीप स्तरोन्नती तालिम सम्पन्न गरेका छन् । सीप स्तरोन्नती तालिमको लागि लुम्बिनी प्रदेशमा निजी क्षेत्रका ३८ जनाको सहभागितामा प्रशिक्षण आवश्यकता पहिचान कार्यशाला सम्पन्न भएको छ ।



# प्रदेश कार्यालयबाट सम्पादन भएका कार्यहरु

## प्रदेश नं. १ कार्यालय

- प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) तथा दक्षता परियोजनाको सहयोगमा प्रदेश अन्तर्गत रहेका परिषद्का विभिन्न शिक्षण संस्थाहरू र शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा सञ्चालित प्राविधिक धार (९-१२) तर्फका विद्यालयका प्रशिक्षक तथा व्यवस्थापकहरुलाई गत असोज २५ देखि २९ गतेसम्म र असोज ३१ देखि कार्तिक ४ गतेसम्म Training on Competency Development (CD) of TVET System र Training on Occupational Demand Tools (ODT) विषयक तालिम सम्पन्न भयो। दुवै तालिमबाट क्रमशः ६० र २० जना लाभान्वित भएका छन्।
- राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को सहयोगमा छोटो अवधिका तालिम प्रदायक संस्थाका २० जना व्यवस्थापक तथा कर्मचारीहरुलाई गत पुष महिनामा २ दिने Training on Counseling on Skills Test Process विषयक तालिम प्रदेश कार्यालयको सभाहलमा सम्पन्न भयो।
- प्राविधिक प्रशिक्षण प्रतिष्ठानको सहयोगमा परिषद्मा आबद्ध शिक्षण संस्थाका २० जना प्रशिक्षक तथा व्यवस्थापकहरुलाई गत पौष १८ देखि २२ गतेसम्म Training on Gender Equality & Social Inclusion (GESI) विषयक तालिम सम्पन्न भयो।
- चालु आ.व. २०७९/८० को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम १२०० जनालाई छोटो अवधिको तालिम संचालनका लागि परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक तथा प्राविधिक धार (९-१२) तर्फका विद्यालयहरूबाट प्रस्तावना आह्वान गरी शिक्षण संस्था छनौटको प्रक्रियामा रहेको छ।
- विभिन्न सामुदायिक विद्यालय तथा साझेदारी शिक्षण संस्थाहरुलाई प्राप्त अनुदान रकम निकाशा गरिएको छ। यसैगरी १४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) संचालित विद्यालयहरुलाई नियमित अनुदान र थप ३६ वटा विद्यालयहरुलाई संचालन अनुदान वितरण गर्ने कार्य प्रक्रियामा रहेको छ।



## मधेश प्रदेश कार्यालय

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसर, चुनौती र सम्भावनाको विषयमा परिषद् मधेश प्रदेश कार्यालयको तर्फबाट एक दिने गोष्ठी सम्पन्न भयो। शिक्षा विज्ञान तथा प्रविधि राज्य मन्त्री माननीय बोधमाया कुमारी यादवको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह (सुडी), परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारी, प्रमुख जिल्ला अधिकारी लगायत अन्य सरोकारवालाहरुको उपस्थिती रहेको थियो।
- सेवा करारमा कर्मचारी भर्ना तथा नियुक्तिको लागि लिखित परीक्षा र अन्तर्वार्ता संचालन, नतिजा प्रकाशन र छनौट भएका कर्मचारीहरुलाई सम्बन्धित शिक्षालयमा सिफारिस,
- प्रदेश अन्तर्गतका सम्पूर्ण शिक्षण संस्थाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण,
- छोटो अवधि तालिममा संस्थाहरुको सम्बन्धनको लागि परिषद् कार्यालयको सूचना बमोजिम पुर्वाधार निरीक्षण तथा अनुगमन कार्य सम्पन्न भएको,
- नेपाल सरकारको बजेट अनुसार मधेश प्रदेश भित्र संचालित प्राविधिक शिक्षालयहरु मार्फत १७४० जनाको लागि छोटो अवधिको सीपमूलक तालिम संचालन गर्ने गरी तालिम संचालन र तालिम पश्चातको सीप परीक्षण व्यवस्थापन,
- प्रदेश भित्र डिप्लोमा तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन तथा व्यवस्थापन, नतिजा प्रकाशन, नयाँ भर्ना, रजिष्ट्रेसन सम्बन्धी कार्य,
- मधेश प्रदेशका विभिन्न परीक्षा केन्द्रहरुको परीक्षा अनुगमन,
- परिषद् परीक्षा नियन्त्रण कार्यालयको कार्य तालिका अनुसार विभिन्न किसिमका परीक्षाहरु संचालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन सम्बन्धी कार्यहरु सम्पादन हुँदै आएको।



## गण्डकी प्रदेश कार्यालय

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरुलाई जनस्तरमा पुऱ्याउने उद्देश्यका साथ गण्डकी प्रदेश भित्रका स्थानीय तहका उप-प्रमुख उपाध्यक्ष, शिक्षा शाखा प्रमुख र रोजगार संयोजकको उपस्थितिमा एक दिने अन्तरक्रिया सम्पन्न गरिएको छ। गण्डकी प्रदेश भित्र रहेका ८५ स्थानीय तह मध्ये ७३ वटा पालिका समेट्ने गरी प्रदेश भित्र गोरखा, म्याग्दी, बाग्लुङ्ग, तनहुँ, नवलपुर, कास्की र स्याङ्गजा जिल्लाका विभिन्न स्थानमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन गरिएको छ। उक्त कार्यक्रममा TVET सञ्जाल गठन, रोजगार व्यवस्थापन सूचना प्रणाली (Training and Employment Management Information System (TEMIS) को प्रयोग, सीप प्रमाणीकरण र राष्ट्रिय व्यावासायिक योग्यता प्रणालीको बारेमा जानकारी गराउनुका साथै गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका सम्बन्धमा छलफल गरिएको थियो। प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरुको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, प्राविधिक शिक्षा अध्ययन र स्थानीय तहमा सीप विकासका कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ स्थानीय तहका उप-प्रमुख उपाध्यक्षको अध्यक्षतामा TVET सञ्जाल गठन गरिनेछ । प्रत्येक पालिकामा गठन हुने यस सञ्जालको मूल समितिमा स्थानीय तहको सामाजिक विकास समितिका संयोजक, स्थानीय तहको रोजगार संयोजक, रोजगारदाताहरुको प्रतिनिधि, प्राविधिक विद्यालयको कार्यक्रम संयोजक, स्थानीय तहको कृषि तथा पशु शाखाको कर्मचारी र स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख सदस्य-सचिव रहने व्यवस्था गरिएको छ । समितिको मुख्य उद्देश्य पालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको प्रचार प्रसार, सीप विकास तालिमका आवश्यकताको पहिचान गर्ने र स्थानीय तहमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरको बारेमा लक्षित वर्गलाई सुसूचित गराउने रहेको छ। त्यस्तै औपचारिक तथा अनौपचारिक माध्यमबाट सिकेका सीपहरुको प्रमाणीकरण गर्नमा सहजीकरण गर्न समेत यस सञ्जालले सहयोग गर्नेछ । यसका अतिरिक्त प्रदेशको शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले विकास गरेको तालिम तथा रोजगार व्यवस्थापन सूचना प्रणाली (TEMIS) को प्रयोग गर्न सहजीकरण गर्नेछ । यस प्रणालीले प्रदेशमा आवश्यक प्राविधिक जनशक्तिको प्रक्षेपण गरी उक्त जनशक्ति आपूर्तिमा सहजीकरण गर्नेछ। उक्त प्रणालीमा विभिन्न ४ खण्ड समावेश गरिएको छ। जसमा सीपमूलक तालिम लिन चाहने, रोजगारीको खोजीमा रहने, कामदारको खोजीमा रहेका रोजगारदाता र सीप परीक्षण गराउन चाहने व्यक्ति वा संस्थाहरुले आफ्ना विवरणहरु मोबाइल अथवा कम्प्युटरको ब्राउजरमा गएर temis.gandaki.gov.np मार्फत प्रयोग गर्न सक्नेछन् ।









# प्रदेश स्तरीय नीति सम्वाद कार्यक्रम सम्पन्न

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्व तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌संगको सहकार्यमा अन्तराष्ट्रिय आप्रवासन संगठन (IOM) नेपालले सातै प्रदेशमा प्रदेश स्तरीय आप्रवासन र सीप विकास सम्बन्धी नीति सम्वाद कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यक्रमको मूख्य उद्देश्य आप्रवासन र सीपको अवस्था, आवश्यकता र यससँग सम्बन्धित नीति, आयामहरू, साथै सामाजिक, आर्थिक र दिगो विकासका लागि यसको अन्तरसम्बन्धको बारेमा सुझाव संकलन गर्नु रहेको थियो । उक्त कार्यक्रममा संघीय स्तरबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को सहभागिता रहेको थियो भने प्रदेश स्थित शिक्षा, सामाजिक विकास, आर्थिक र श्रमसँग सम्बन्धित मन्त्रालयहरू, प्रदेश नीति तथा योजना आयोग, निजी क्षेत्रका उद्योग वाणिज्य महासंघका प्रदेश स्तरीय संघ/संगठन, रोजगारदाता, तालिम प्रदायक शिक्षण संस्था, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु, गैर सरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । परिषद्‌का सातै वटा प्रदेश कार्यालयको संयोजन तथा व्यवस्थापनमा संचालित उक्त कार्यक्रममा सातै प्रदेशबाट जम्मा ४०९ जनाको सहभागिता रहेको थियो । त्यसमध्ये ३०% महिलाको सहभागिता थियो ।

केन्द्रीय एवम् प्रदेश स्तरका नीति निर्माता, निजी क्षेत्रका रोजगारदाता लगायत सम्बन्धित सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहेको नीति सम्वाद कार्यक्रमका उपस्थित अधिकांश सहभागीहरूले बजारमा रहेको वास्तविक सीपको मागलाई सम्बोधनका लागि उपयुक्त संयन्त्रको विकास, सीपको पहिचान र प्रमाणीकरण तथा निजी क्षेत्रसंगको समन्वय र सहभागितामा वृद्धि गर्दै सीपलाई रोजगारीसँग जोड्ने, सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दा प्रभावकारी अनुगमन संयन्त्रको सुनिश्चितता गर्न, तथा यसका लागि आवश्यक नीति निर्माण गर्ने र भएका नियम कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्नेमा जोड दिनु भएको थियो । दक्षता परियोजनाको आर्थिक सहयोगमा श्रम आप्रवासन र सीप विकास सम्बन्धी सातैवटा प्रदेशमा सञ्चालित नीति सम्वाद कार्यक्रम प्रदेश १ को विराटनगरमा २०७९ असोज २, गण्डकी प्रदेशको पोखरामा मंसिर ७, लुम्बिनी प्रदेशको बुटवलमा मंसिर ९, कर्णाली प्रदेशको सुर्खेतमा मंसिर ११, सुदूरपश्चिमको धनगढीमा मंसिर १३, मधेश प्रदेशको जनकपुरमा मंसिर १५ र बागमती प्रदेशको हेटौडामा मंसिर १९ गते आयोजना गरिएको थियो ।

## नीति सम्वाद कार्यक्रममा प्राप्त सुझावहरु

- तीनै तहको सरकारसँगको समन्वयमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारको मागलाई ध्यानमा राखी सीपमूलक तालिम संचालन गर्ने र सीपलाई रोजगारीसँग जोड्ने ।
- उद्योगमा आधारित तालिम तथा अप्रेन्टिसिप कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्ने ।
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणली (NVQS) को पूर्ण कार्यान्वयन गर्नुपर्ने ।
- पाठ्यक्रममा एकरुपता कायम गरी सीप र रोजगारीको क्षेत्रमा काम गर्ने विकास साझेदारहरू बीचको समन्वय र सहयोगमा बृद्धि गर्नुपर्ने ।
- वैदेशिक रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्न गन्तव्य मूलुक पहिचान गरी सरकारबाटै द्विपक्षीय (G2G) सम्झौता गर्ने ।
- विदेशमा सिकेका सीपको प्रमाणीकरण गर्ने, स्वदेशमै सम्मानित रोजगारी सृजना गर्ने, उद्यम विकास गर्ने वा समाजमा सहज रूपमा पूनः एकीकरण (Re–integration) गर्ने वातावरण बनाउनु पर्ने ।
- विशेष गरी वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूप्रति समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न राज्यले महिला लक्षित विशेष कार्यक्रम तथा सम्मानको व्यवस्था गर्नुपर्ने ।
- सबै क्षेत्रगत नीतिगत प्रावधानहरूलाई एउटै ढाँचामा समावेश गर्ने गरी नयाँ TVET नीति बनाई व्यवहारमा उतार्नु पर्ने ।
- केही पेशाहरूलाई समाजले उचित मूल्याङ्कन नगरेकोले पनि धेरै नेपालीहरु विदेशिन बाध्य भएका छन् त्यसको न्यूनीकरणका लागि श्रमको सम्मान गर्ने वातावरण विकास गर्नुपर्ने ।



# शंखरापुर बहुप्राविधिक शिक्षालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आङ्गिक शिक्षालयको रुपमा शंखरापुर बहुप्राविधिक शिक्षालय वि.सं २०७३ सालमा स्थापना भएको हो । सफा, शान्त र रमणीय वातावरणमा काठमाडौको उत्तर पूर्व शंखरापुर नगरपालिकाको वडा नं ६ मा अवस्थित यस शिक्षालयलाई परिषद्ले इन्जिनियरिङ्ग कार्यक्रमको नमूना शिक्षालय बनाउने उद्देश्य सहित स्थापना गरेको हो । स्थापना कालमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ्गबाट शुरु भएको यस शिक्षालयमा हाल इन्जिनियरिङ्ग क्षेत्रका ५ वटा कार्यक्रमहरुमा अध्ययन अध्यापन भइरहेको छ । यसका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले हरेक वर्ष नेपालका पिछडिएको, दुर्गम तथा लोपोन्मुख जातिका लक्षित युवाहरूलाई प्रदान गरी दिइने विशेष छात्रवृत्तिको कार्यक्रम पनि सञ्चालन भइरहेको छ ।

### शिक्षालयमा संचालित कार्यक्रमहरु

#### नियमित तर्फ

- डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
- डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग
- डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (स्पेसियलाइज्ड हाइड्रोपावर)
- डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग
- डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ्ग

#### विशेष छात्रवृति तर्फ

- डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग
- डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (स्पेसियलाइज्ड हाइड्रोपावर)

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षाबाट नै व्यक्ति, समाज र देशको सकारात्मक परिर्वतन तथा उन्नति गर्ने मुख्य उद्देश्य सहित श्रम बजारमा आवश्यक सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्दै जाने र पाठ्यक्रमसँगै श्रम बजारमा आइरहेको नयाँ प्रविधिलाई समेत समावेश गर्दै प्राविधिक ज्ञान र सीप अभिवृद्धि गर्न यस शिक्षालयले विभिन्न क्रियाकलापहरु संचालन गर्दै आइरहेको छ। सिभिल तथा जियोमेटिक्स इन्जिनियरिङ्ग तर्फ घरको नक्साहरू बनाउने, व्यक्ति तथा सार्वजनिक जग्गाहरुको नाप नक्सांकन गर्न स्थानीय तथा विभिन्न सरकारी निकायहरुसँग समन्वय गरी विभिन्न रिर्सोस म्याप, टोपोग्राफिकल म्यापहरु तयार गर्ने तथा डकर्मीहरुको ज्ञान अभिवृद्धि गर्न भवन निर्माण सम्बन्धी सीप अभिवृद्धि तालिमहरु संचालन जस्ता कार्यहरु शिक्षालयबाट हुदै आइरहेका छन् । विशेषगरी यो शिक्षालय रहेको तथा अन्य वरपरका स्थानीय निकायहरु तथा विभिन्न संघ संस्थाहरुसँग मिलेर आवश्यकता अनुसार सीपमूलक छोटो अविधिका तालिमहरु पनि संचालन हुँदै आइरहेका छन् । शिक्षालयको गुणस्तर अभिवृद्धि गर्न, शिक्षालयबाट उत्तीर्ण भएका प्रशिक्षार्थीहरुलाई स्वरोजगार बनाउन तथा रोजगारीको अवसरहरु सिर्जना गर्न निजी तथा सरकारी क्षेत्रका उद्योगी, व्यवसायी तथा सरोकालवाला निकायहरुसँग उचित सल्लाह, सुझाव तथा अनुभव आदान प्रदान गर्ने कार्यहरु पनि भइरहेका छन् ।



## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशन हुँदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# प्लस टू र पासपोर्ट भन्दा पनि राम्रो रहेछ प्राविधिक शिक्षा

मेरो नाम आशिष गुभाजु हो । म एक साधारण परिवारमा सिन्धुपाल्चोक जिल्लाको जगुल गाउँ पालिकाको वडा नं. ४ गुम्बा (तापगाउँ) मा जन्मे, हुर्के । कक्षा चारसम्म गाउँमै पढें, त्यसपछि गाउँबाट १.५ कि.मी. को बाटो हिडेर श्री काली देवी माध्यमिक विद्यालय पाङताङमा पढें । बिहान ८ बजे नै स्कुल जानुपर्थ्यो । मंसिर, पौषको महिनामा स्कुलबाट घर फर्कदा बाटो मै रात पर्थ्यो । दश कक्षामा भने मामाघरमा बसेर ट्युसन पढ्दै २०७१ सालमा एसएलसी परीक्षा दिए । फलामको ढोका मानिने एसएलसी पास भएको खुशियालीमा सबैलाई चकलेट बाँढेको अझै याद छ । एसएलसी पछि कुन विषय लिने, के पढ्ने भन्नेमा कुनै निर्णय गर्न सकेको थिइन । साच्चै भन्नु पर्दा केही थाहै थिएन । बुवाको सपना छोरालाई इन्जिनियरिङ्ग पढाउने थियो तर दाई दिदीले उक्त विषय पढ्न गाह्रो हुन्छ भनेर डर देखाउनु भयो । उहाँहरूले कमर्स, एजुकेसन पढ्नु भएकोले मैले पनि उहाँहरूले पढेकै बिषय रोजे । श्री भिर्पु उच्च माध्यमिक विद्यालय, तातोपानीमा कक्षा ११ मा भर्ना भएँ । ११ को परीक्षा आउनै लाग्दा २०७२ सालको विनासकारी भूकम्पले सिन्धुपाल्चोकलाई क्षत विक्षत बनाई हाल्यो । कक्षा १२ भने घरमै बसेर पढें ।

प्लस टू पास भएपछि जागिर खाने सोच लिएर काठमाण्डौमा आई विभिन्न ठाउँमा धाए । जता गएपनि के पढेको र कति पढेको छ भनेर सोध्दा एजुकेसनमा १२ पास भनेपछि काम पाउन कठिन रहेछ, पाइहाले पनि काम अनुसारको तलब पाइदो रहेनछ भन्ने बुझें । जागिर खोज्दा पाएको दुःखले गर्दा विदेश जाने हुटहुटी ममा पनि जाग्यो र पासपोर्ट बनाए । पासपोर्ट हुने वित्तिकै विदेश जान पाइने र त्यता गएर भनेजस्तो काम पाइने पनि होइन रहेछ, बरू टेक्निकल बिषय पढ्नुपर्ने रहेछ भन्ने कुरा ४-५ वटा म्यानपावर धाएपछि मात्रै थाहा पाएँ । त्यसपछि प्राविधिक विषय पढ्न भनेर सिटिइभिटीको शंखरापुर बहुप्राविधिक शिक्षालयमा फाराम भरें । २०७३ सालको प्रवेश परीक्षामा सफल भएर जियोमेटिक्स इन्जिनियरिङ्ग पढ्न थालें । पहिलो सेमेष्टरमा दाई दिदीले भनेको कुरा सम्झेर साइन्स र म्याथले गाह्रो बनाउँछ कि जस्तो लागेको थियो तर मेहनत गरेर पढदै गए अनि रिजल्ट पनि मेहेनत अनुसारकै आएपछि मलाइ अरू सेमेष्टर झन् मेहेनत गरेर पढ्ने जाँगर चल्यो । २०७६ को भदौमा तीन वर्षे डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्गको अन्तिम सेमेष्टरको परीक्षा पनि सकियो । अनि आनन्दले दशै तिहार मनाएर घरबाट फर्किनासाथ रिजल्ट पनि भयो । डिस्टिङ्सन आएछ ।

परिश्रमको फल मिठो नै हुँदो रहेछ । पढाइमा गरेको मेहनत र मेहनत अनुसारको नतिजाले मेरो परिवार र आफन्त सबैजनाबाट पाएको



स्याबासीले म मा झन् हौसला एवम् उर्जा थप्यो । जागिर खान टाढा जानै परेन । आफ्नै वडामा भएको हाइड्रोपावर प्रोजेक्टमा बायोडाटा पेश गर्नासाथ जागिर पाए । सर्भेयरको रुपमा छ महिना काम गरें । त्यसपछि भूमि आयोग र आफूले पढेकै कलेजमा सहायक प्रशिक्षकको लागि सेवा करारमा विज्ञापन भएको थाहा पाएँ । संयोगबस दुबै संस्थामा एकै पटक छनौट भएँ । पढाउने पेशा मन पर्ने र आफूले पढेकै ठाँउमा काम गर्न पाउने हुनाले मैले शंखरापुर कलेजमै नियुक्ति लिएर पढाउन थालें । त्यसको केही समयपछि स्थायी जागिरको लागि लोक सेवा आयोगमा सर्भेक्षक पदमा आवेदन गरी लिखित परीक्षा दिएको थिएँ । विश्वव्यापी कोरोनाको लहरमा रिजल्ट आउन ढिला भयो । पहिलो विज्ञापनको नतिजा नआउँदै दोस्रो विज्ञापन भयो र दोस्रो परीक्षाको तयारीमा लागें । त्यसैबीच पहिले दिएको लिखित परीक्षामा सफल भएँ । त्यसपछि अन्तर्वाता र दोस्रो लिखित परीक्षाको पनि तयारीमा एकैसाथ जुटें । परीक्षाको तयारीकै समयमा स्कुटर दुर्घटनामा परेर २ हप्तासम्म हस्पिटलमै बस्नु पर्दा दोहोरो पिडा र तनाव झेल्नु पर्‍यो । तैपनि मनमा हरेस नखाइ २०७८ भाद्र २९ गते लिखित परीक्षा दिएँ । त्यसको एक हप्तामै असोज ५ गते पुरानो विज्ञापन अनुसार म जलेश्वर गएर अन्तर्वाता दिएँ । उक्त परीक्षामा सफल भएर नापी कार्यालय, सिराहामा सिफारिस भएँ । सहायक

प्रशिक्षकको करारको जागिर छाडेर निजामती सेवामा स्थायी नियुक्त भएर सिरहामा काम गर्दैगर्दा दोस्रो विज्ञापनको लिखित परीक्षामा पनि मेरो नाम निस्कियो तर समान पदको भएकोले मैले नियमानुसार अन्तर्वाता दिनु नै परेन ।

समयको आरोह र अवरोह अनि जीवनका अनवरत यात्राहरुमा हामी विविध कठिनाइका बाबजुद पनि सङ्घर्ष र मेहनत गरेर सही बाटोमा हिड्नुपर्ने रहेछ । भोलिको सुन्दर भविष्यको मार्ग आफैले कोर्नु पर्दो रहेछ त्यसको लागि लगनशीलता र मेहनतमा निरन्तरता चाहिँदो रहेछ । "तँ आँट म पुर्‍याइदिन्छु" भने झै इच्छा, चाहना सँगसँगै दृढ अठोट र मेहनत गरे सफलता अनिर्वाय प्राप्त हुने रहेछ । हामीले सही निर्णय गरेर सधै सत्य, निष्ठा र कर्तव्यका साथ असल मार्गमा अघि बढ्यौं भने भविष्य साच्चै नै सुन्दर र अविष्मरणीय हुन्छ जस्तो लाग्छ मलाई ।

सिटिइभिटीमा प्राविधिक शिक्षा पढेमा हातमा सीप र साथमा रोजगारी हुन्छ । जसरी "जहाँ जहाँ हुन्छ होटल, त्यहाँ त्यहाँ पाइन्छ मो:मो: र चाउमिन, त्यसैगरी जहाँ जहाँ हुन्छ जमिन अनि त्यहाँ चाहिन्छ सर्भेयर, अमिन" भनेझैं सिटिइभिटिको डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरीङ्गको महत्व व्यापक छ । अन्त्यमा, एसइई दिएका, प्लस टू गरेका, पासपोर्ट बनाएका र आफ्नो सुन्दर भविष्यको पर्खाइमा रहेका सबै युवा साथीहरूलाई आफूलाई मन पर्ने कुनै एक विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम लिनको लागि अनुरोध गर्न चाहन्छु ।





# फोटो फिचर


IOM
BRITISH COUNCIL
Workers in Nepal






प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
४० औं व्यवस्थापन समीक्षा गोष्ठी
उद्घाटन समारोह
बागमती प्रदेश, सौराह, चितवन
२०७९ पौष २३-२५







